समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. २/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ९ • अंक ३३३ • २०७९ असोज ६ गते विहिवार • 22 Sept. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## क्षेत्री पक्षद्वारा आउँदो चुनावमा कसरी सहभागी हुने भन्ने छलफल थाले

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ असोज



गत स्थानीय निर्वाचनमा कांग्रेसले टिकट नदिएपछि बागी उठेर मेयर जितका बर्दिबास नगरपालिकाका प्रह्लाद क्षत्री पक्षधरले अहिले स्वतन्त्र चुनावी छलफल थालेका छन्।

महोत्तरी क्षेत्र नम्बर १ 'क' मा पर्ने बर्दिबास नगरपालिकामा स्वतन्त्र 'जेब्रा घोडा' छापबाट जितेका क्षेत्री पक्षले आउँदो चुनावमा कसरी सहभागी हुने भन्ने छलफल थालेका छन् । गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा पार्टी अनुशासन उल्लंघन गरेको आरोपमा कांग्रेसले नगर सभापति युवराज पोखरेल, प्रल्हाद क्षेत्री सहित नेतालाई कारबाही गरेको थियो।

तर अहिलेसम्म कारबाही फुकुवा नगरेपछि उनीहरुले अब हुने निर्वाचनमा 'घोडा छाप'बाटै आफ्नो उम्मेदवार दिने र कुनै पार्टीलाई सर्तसहित सहयोग गर्ने तयारी भइरहेको क्षेत्रीनिकट विनोद ढुंगेलले बताए। निर्वाचन क्षेत्र नम्बर १ मा अहिले पनि आफूहरुको मत बढी रहेको स्वतन्त्र पक्षधरहरुको दाबी छ। 'हामी बैठक बसेर प्रदेशमा उम्मेदवार उठाउँछौं र संघमा परिस्थिति हेरेर

बांकी पृष्ठ २ मा।

## कार्यकाल सकिएको वा नसकिएको विषयमा मधेश प्रदेश सभा सचिवालय अन्योल

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ असोज




प्रदेश सभाको कार्यकाल सकिएको वा नसकिएको विषयमा मधेश प्रदेश सभा सचिवालय अन्योलमा रहेको छ । निर्वाचन आयोगले प्रदेश सभाको कार्यकाल सकिएको वा नसकिएको विषयमा कुनै लिखित पत्र नपठाएपछि आफूहरु अझै अन्योलमा रहेको मधेश प्रदेश सभा सचिवालयका सचिव रंजित कुमार यादवले बताए ।

संविधानमा प्रदेश सासदको कार्यकाल ५ वर्ष तोकिएको छ । तर अहिलेसम्म सांसदहरुले शपथ ग्रहण गरको पाँच बर्ष पुगेको छैन, सचिव यादवले भने,' यस्तोमा प्रदेश सभाको कार्यकाल सकेको हो वा होईन भन्न अवस्थामा छैनौ ।'सभामुख र उपसभामुखको बारेमा संविधानमा स्पष्ट व्यवस्था भए पनि प्रदेश सांसदहरुको बारेमा स्पष्टता नदेखिएकोले आफूहरु दोधारको अवस्थामा रहेको सचिव यादवले बताए। प्रतिनिधि सभाको १ असोज देखि नै कार्यकाल सकिएको छ। यता, मधेश प्रदेश सचिवालय प्रदेश सभाको कार्यकाल विषयमा आफ्नै अन्योलमा रहेकोले संसदीय दलका नेता तथा विभिन्न संसदीय समितिका सभापतिले प्रदेश सभा सचिवालयबाट लिएका

बांकी पृष्ठ २ मा।

## उच्च अदालतद्वारा जिल्ला अदालतकै फैसला सदर

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ असोज



सञ्चारकर्मी अरुण सिंघानिया हत्या मुद्दामा उच्च अदालत जनकपुरले जिल्ला अदालत धनुषाको फैसला सदर गरेको छ। बुधवार उच्च अदालत जनकपुरका न्यायाधीश प्रमोद कुमार श्रेष्ठ वैध र डाल कुमार खड्काको संयुक्त इजलासले जिल्ला अदालतको फैसला सदर गरेका हुन्। ०७६ असार १७ गते जिल्ला अदालत धनुषाले आरोपी संजय साहलाई जन्मकैद फैसला सुनाएको थियो ।

उच्च अदालतमा एक हप्तादेखि जारी सुनुवाइले जिल्ला अदालतकै फैसला सदर गरेको उच्च अदालतका रजिष्टार खड्गराज अधिकारीले जानकारी दिए । उनका अनुसार जाहेरीको तर्फबाट उच्च अदालतका सरकारी वकिल कार्यालयबाट सह न्यायाधिवक्ता यदुनाथ शर्मा, विपिन कुमार झा, हेम बहादुर कार्की र राज लाल यादवले बहस गरेका थिए । यस्तै प्रतिवादीको तर्फबाट श्याम मिश्र, सुरेन्द्र महतो, प्रकाश कुमार घिमिरे, ओमप्रकाश सिंह र धर्मेन्द्र शर्माले बहस गरेको थिए। संजय साहका सुटर मनक लामा र रामविनोद यादवलाई तीन वर्ष जेल सजाय सुनाएको थियो। यस्तै एकलाल सहनी, चन्द्रदीप यादव, पवन लामालाई १० वर्ष जेल सजायको फैसला गरेको थियो । सोही फैसला बुधवार उच्च अदालतले सदर गरेको हो । सिंघानियाको ०६६ साल फागुन १७ गते होलीका दिन गोली हानी हत्या भएको थियो। हत्या भएको दश वर्षपछि जिल्ला अदालतमा मुद्दाको सुनुवाइ प्रक्रिया अगाडि बढाइएको थियो। ०७६ असार १७ गते जिल्ला अदालत धनुषाले आरोपी संजय साहसहितलाई जन्मकैद फैसला सुनाएको थियो। साहले सोही फैसलामा असन्तुष्टी जनाउँदै ०७६ असोज ७ गते उच्च अदालत जनकपुरमा पुनरावेदन गरेका थिए । साह अहिले नख्खु कारागारमा कैद भुक्तानी गरिरहेका छन् ।

## गोजीमा सबै रुपैया राखेको कारणले बैंकहरुको अवस्था जर्जर

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ असोज




मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादवले आसन्न निर्वाचनको विषयलाई लिएर नेताहरुलाई घर घर तथा गोजीमा सबै रुपैया राखेको कारणले बैंक तथा वित्तीय सँस्थाहरुमा अहिले जर्जर अवस्थामा पुगेको बताएका छन् ।

चुनावमा खर्च गर्नका लागि नेताहरुको बैंकममा रहेको रूपैया घरेमा नै राखेको कारणले बैंकहरु अहिले ऋण दिनमा आनाकानी गरेको अवस्थामा पुगेका छन्, जस कारण आम नागरिकहरुमा अत्यावस्यक काम भन्दा सानो भन्दा सानो कामहरु पनि ठप्प भएकोले समस्या भइरहेको जनाए ।

जनकपुरधाममा आठौं शाखाको रूपमा सञ्चालनमा आएको समृद्धी फाईनान्स कम्पनी लिमिटेडले बुधबार उद्घाटन गर्दै मन्त्री यादवले चुनाव जित्नको लागि एउटा वडा अध्यक्ष ५०/५० लाख रूपैया खर्च गर्दै आएको प्रवृतिको कारण आगामी प्रदेश आ प्रतिनिधि सभाको चुनावको लागि विभिन्न दलका नेताहरुले बैंक तथा वित्तीय सँस्थासबहरुबाट रुपैया निकालेर सर्व साधारण र नागरिकको समस्या भोग्नु पर्ने बाध्य बनाएका छन् । आरोप लगाउदै जनताको यही समस्याको समृद्धी फाईनान्स समाधान गर्नमा सहयोग गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मधेश प्रदेशको बारेमे चर्चा गर्दै मन्त्री यादव आफै यसै प्रदेशको नामाकरण मिथिला प्रदेशको

बांकी पृष्ठ २ मा।

डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

संविधान दिवस भव्यरुपमा मनाऔं

नेपालको संविधान कार्यान्वयनको सात बर्ष पुरा भएको छ ।

- आवधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था यसका प्रमुख विशेषता हुन् ।
- संविधान दिवस असोज २, ३ र ४ गते भव्य रुपमा मनाऔ. ।
- घरघरमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

## कस्तो समय चेतको घेरामा फसिरहेको छ देशको राजनीति?

*नेपाली राष्ट्रिय राजनीतिमा पछिल्ला दिन एउटा प्रश्नले प्रधानता पायो- संघीय संसद्ले पारित गरेको नागरिकता विधेयक समयसीमाभित्र राष्ट्रपतिले प्रमाणीकरण नगरे के हुन्छ ? योसँगै अर्को प्रश्न पनि राजनीतिक वृत्तमा प्रश्नकै घेरामा छ, त्यो हो- प्रतिनिधिसभाको कार्यकाल कहिले सकिन्छ ? समानुपातिकको बन्दसूची बुझाउने अघिल्लो दिन अर्थात् असोज १ देखि प्रतिनिधिसभाको कार्यकाल समाप्त हुने राय निर्वाचन आयोगले संसद् सचिवालयलाई दिइसकेको छ । यद्यपि यसमा विभिन्न दलका आ-आफ्नै व्याख्या छन् ।*

*संसार परिवर्तनशील छ र संसारमा सबै परिवर्तन सम्बन्धित वस्तुको समय वा आयुसँग सम्बन्धित रहन्छ । मानिसले सभ्यताको जग समयको निर्धारणबाट सुरु गरेको हो । विशेषत: खेती लगाउनका लागि मानिसलाई महिना, ऋतु, वर्ष आदिको निर्धारण आवश्यक थियो । समयमै खेती नलगाए उत्पादन नभई भोकमरी लाग्छ भन्ने ज्ञान मानिसका लागि सबैभन्दा पुरानो र महत्वपूर्ण हो । जब समाज र राज्य चलाउन मानिस विभिन्न नियम र कानुनको निर्माणमा लाग्यो, तब समयले अझ प्रधानता पाउन थाल्यो ।*

*राज्यका लागि भने विशेषत: जनताबाट कर उठाउने समय महत्त्वपूर्ण हुँदै आयो । अर्कोतिर, मानिसले आफ्नो र अरुको कमजोर समय वा अवस्थालाई ध्यान दिन थाल्यो । यसैको उपज हो- राजनीतिकशास्त्र र ज्योतिषशास्त्र । संसारमा समयको अर्थ र महत्त्व विराट छ । जब हुनुपर्ने वा गर्नुपर्ने काम समयमै हुँदैन वा गरिँदैन, तब अनेक समस्या आउँछन् । अन्तत: हामी 'हुनुपर्ने वा गर्नुपर्ने काम' के हो भन्ने व्याख्या वा परिभाषामै गएर फस्छौँ ।*

*क्षेत्री पक्षद्वारा आउँदो चुनावमा...........*

सहयोग गर्छौं,' नेता ढुंगेलले भने । यद्यपि कांग्रेसले कारबाही फुकुवा गरे भने पार्टीको निर्देशनमा लचिलो बन्ने क्षेत्री पक्षधरले संकेत गरेको छ । जिल्ला सभापति नागेश्वर यादवका अनुसार कारबाहीमा परेका नेता, कार्यकर्ताहरुलाई फुकुवा गर्न पहल भइरहेको छ । 'सभापति शेरबहादुर देउवासँग पनि यसबारे कुरा भइसकेको छ । कारबाही फुकुवाका लागि सभापतिलाई पटकपटक भेटेको पनि छु। आशा गरौं छिट्टै कारबाही फुकुवा हुनेछ,' यादवले भने ।

*कार्यकाल सकिएको वा.......*


गाडी सहितका सुविधा अझै फिर्ता गरेका छैनन् ।

अन्य प्रदेशहरुमा कति संसदीय दलका तथा संसदीय समितिका सभापतिहरुले लिएको सुविधामा लिएका गाडीहरु फिर्ता गरे पनि प्रदेशका अहिलेसम्म एक जनाले पनि गाडी तथा अन्य सुविधा फिर्ता नगरेको सचिव यादवले बताए । प्रदेश सभाको पाँच वर्षे कार्यकालमा प्रदेश सभा सचिवालयमा विभिन्न ६२ वटा विद्येयक दर्ता भएकोमा ५५ वटा विद्येयक पारित भएको छ । त्यसैगरी, दुई वटा नागरिकता र प्रदेश प्रहरी सम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव प्रदेश सभाबाट पारित भएको सचिव यादवले जानकारी दिए ।

*गोजीमा सबै रुपैया............*


रूपमा गर्नका लागि प्रयास गर्दै हुन भइसकेकोमा मुद्दा आगामी समयमा बहुमत आउदा मधेश प्रदेशको मिथिला प्रदेश नामाकरण हुने बताए । कार्यक्रममा सहभागी जनकपुरधाम उपमहा नगरपालिका वडा नम्बर-१० का वडा अध्यक्ष मिथिलेश कणर् मन्त्री यादवको धरणा प्रति आपत्ती जनाए । अध्यक्ष कणर् चुनावमा वडा अध्यक्षहरुले ५०/५० लाख रूपैया खर्च गरेको कही मन्त्री यादवले भनेको कुरा प्रति आफनो आपत्ति रहेको बताए । समृद्धी फाईनान्सका अध्यक्ष ठाकुर प्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न समुद्घाटन कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिकाक नगर प्रमुख मनोज साह, उप प्रमुख किशोरी साह तथा विभिन्न बैंक आ वित्तीय सँस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।


## सूचना




**सबैला नगरपालिकाको कार्यालय, धनुषा**

## सूचना




**विदेह नगरपालिकाको कार्यालय, धनुषा**


### तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने

वृष: शुभ कार्यको शुरुवात

मिथून: मनमा पछुतो आउने

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: मित्रतामा फाटो आउने

कन्या: विचार गरेर बोल्नुहोला

तुला: अनावश्यक खर्चको संभावना

वृश्चिक: लामो यात्राको योग छ

धनु: पढाईमा ध्यान दिनुपर्ने

मकर: खानपानमा समस्या आउने

कूम्भ: अनावश्यक चिन्ता

मीन: आम्दानी हुने


### प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# चीनले भन्यो-ताइवानसँगको 'एकीकरण' शान्तिपूर्ण बनाउन अधिकतम प्रयास गर्नेछौं

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज



बेइजिङले ताइवानको 'पुन:एकीकरण'का लागि अधिकतम प्रयास गर्ने बताएको छ। बेइजिङ पछिल्लो समय ताइवानको विषयमा आक्रामक बन्दै गएको सन्दर्भमा यो कथन आएको हो।

गत महिना अमेरिकी सभामुख न्यान्सी पेलोसीको चीन भ्रमणपछि चीनले ताइवान वरपर ठूलो हवाई तथा समुद्री अभ्यास गरेको थियो। साथै त्यस समय उसले सो टापु माथिबाट मिसाइल हानेको थियो। गत १० वर्षभित्रको चीन र ताइवानबीचको सम्बन्धको मुल्यांकन गर्न आयोजित पत्रकार सम्मेलनमा चीनको ताइवान मामिला कार्यालयका प्रवक्ता मा सियाओगङले शान्तिपूर्ण 'पुन: एकीकरण' हासिल गर्नको लागि सक्दो प्रयास गर्ने बताए। सन् २०१६ मा राष्ट्रपतिमा साई इङ-वेन निर्वाचित भए यता बेइजिङले ताइवानमाथिको दबाब बढाएको छ। बेइजिङले साई इङ-वेनलाई 'पृथकतावादी'को आरोप लगाउँदै उनीसँग वार्ता गर्न अस्वीकार गर्दै आएको छ। चीनले केही वर्ष यता ताइपेईलाई कुटनीतिक रुपमा एक्ल्याउने प्रयासलाई तीव्र बनाएको छ। पुन:एकीकरणपछि ताइवान 'एक मुलुक, दुई प्रणाली' अन्तरगत चीनमा रहने माले बताए।

# बैंकको ब्याजदर घटाउन एफएनसीसीआईको मांग

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज





बैंक वित्तीय संस्थाहरूले असोज १ गतेदेखि लागु हुने गरी ब्याजदरमा भएको वृद्धिप्रति नेपाल उद्योग बाणिज्य महासंघ (एफएनसीसीआई) ले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

प्रेस विज्ञप्ति जारी गर्दै एफएनसीसीआईले भनेको छ, 'यसले कर्जाको ब्याजदर अकासिने हुँदा कोभिड महामारी र त्यसपछि वाह्य र वित्तीय क्षेत्र असन्तुलनका कारण प्रभावित उद्यमी व्यवसायी मर्माहत हुनेतर्फ महासंघ सरकार, केन्द्रीय बैंक र बैंक वित्तीय संस्थाहरूको ध्यानाकर्षण गराउन चाहन्छ।' उसले अगाडि भनेको छ, 'बढ्दो लागतका कारण साना तथा मझौला उद्यम बन्द गर्नुपर्ने अवस्था आएको छ भने उत्पादित सामानको मुल्य अकासिएर आम सर्वसाधारणको जिविका पनि कष्टकर हुँदै गएको छ।

आठ प्रतिशत भन्दा माथि पुगिसकेको मुद्रास्फिति दरलाई बैंक वित्तीय संस्थाहरूको यस निर्णयले थप माथि लग्नेछ। अर्थतन्त्र सुंकचित हुँदै जाँदा सरकारको राजस्व संकलन समेत करिब २० प्रतिशतले न्यून हुन गएको छ।' संकटको बेलामा जोखिम बाडेर अर्थतन्त्रका सबै क्षेत्रले एक अर्कालाई सहयोग गर्नुपर्ने अहिलेको अवस्था भएको भन्दै उसले विशेषगरी कोभिडका कारण पहिलो बन्दाबन्दीको अवस्थामा बैंकिङ क्षेत्रबाट प्राप्त सहयोगको महासंघ प्रशंसा गरेको छ।


## सूचना




मुखियापट्टी मुसहरमिया गाउँपालिकाको कार्यालय, धनुषा



## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# रेड हट फर्ममा रहेका पाँच स्ट्राइकर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज



घातक, सही, प्रभावशाली। उनीहरु पाँच उत्कृष्ट खेलाडी हुन्। उनीहरु गोलको ग्यारेन्टी गर्छन्। उनीहरु युरोपको शीर्ष लिगमा आफ्नो सम्बन्धित लिगका लागि प्रति खेल एक गोल वा सोभन्दा बढीको औसतमा गोल गर्छन्। ला लिगामा रोबर्ट लेवान्डोस्की र बोर्जा इग्लेसिस, प्रिमियर लिगमा एर्लिङ हालान्ड तथा लिग वानमा नेमार र किलियन एमबाप्पे छन्।

जसले यस सिजन उत्कृष्ट प्रदर्शन गरिरहेका छन्।

**बार्सिलोनाको 'निर्दयी' नम्बर ९** बार्सिलोनामा लेवान्डोस्कीको सुरुवात शानदार रह्यो। नयाँ टोली तर उस्तै प्रदर्शन। यी ३४ वर्षीय पोलिस फरवार्ड अझै पनि रमाइलोको लागि गोल गर्दैछन्। उनी ला लिगामा हाल सर्वाधिक गोलकर्ता हुन्। लेवान्डोस्कीले प्रति खेल १.३३ को औसतमा ६ खेलमा ८ गोल गरिसकेका छन्। उनले क्याम्प नोउमा इतिहास रच्दै छन्, ६ खेलमा ८ गोल गरेका छन्, जसमध्ये पछिल्ला पाँच खेलमा लगातार गोल गरेका छन्। क्लबका लागि अनुबन्धित भएका हालैका शीर्ष स्ट्राइकरहरू मध्ये कुनै पनि खेलाडीले यो उपलब्धी हासिल गर्न सकेको छैन। बोर्जा इग्लेसिस अर्थात 'पाण्डा' बोर्जा इग्लेसिस यस सिजन शानदार लयमा छन्। उनलाई पान्डा उपनामाले चिनिन्छ। र उनी ला लिगामा एक मात्र खेलाडी हुन् जसले 'पिचिची अवार्ड'का लागि लेवान्डोस्कीसँगको लडाईँलाई कायम राख्छन्। रियल बेटिसका २९ वर्षीय स्ट्राइकरले ६ खेलमा प्रति खेल एक गोलको दरले ६ गोल गरेका छन्। उनले ३ गोल पेनाल्टीबाट गरेका छन्। यसका अतिरिक्त बल टार्गेटमा हुँदा उनी लगभग शतप्रतिशत प्रभावकारी देखिएका छन्। उनले टार्गेटमा ७ सट हान्दा ६ पटक गोल गरेका छन्।

**रोक्न नसकिने हालान्ड** उनको कुनै सीमा छैन जस्तो लाग्छ। प्रिमियर लिगमा हालान्डको संख्या हेर्दा यस संसारबाट बाहिर जस्तो लाग्छ। २२ वर्षीय नर्वेजियनका फरवार्डका लागि प्रिमियर लिगमा कुनै अनुकूलन अवधि आवश्यक परेको छैन।

# मोडल सुजाता पाण्डेको हट पोज !




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज

भेटनरी डाक्टरको अध्ययनसँगै मोडलिङ र गायनमा आफुलाई अब्बल साबित गर्न सफल बनेकी मोडल तथा नव गायिका हुन् सुजाता पाण्डे। मेहनत र परिश्रम बिना कुनै पनि कार्यमा सफलता पाउन असम्भबनै छ। मनोरंजन क्षेत्रमा नाम र दाम कमाउने चाहाना सबैको हुन्छ। त्यही अनुरुप आफ्नो कला क्षमता प्रदर्शन गर्दै अघि बढेकी छिन सुजाता पाण्डे।

राजधानी काठमाडौं शहर, सपनाको शहर जहाँ दैनिक हजारौं मानिस आफ्नो सपना साकार पार्न मेहनत र परिश्रम गरेर अगाडी बढ्छन, त्यसै सपना संग जोडिएको युवा पुस्ताको रोजाइ सिने संसार अर्थात मोडलिङ र गित संगीत क्षेत्र अहिलेका युवा युवतीहरुको सर्बाधिक रोजाइमा परेको क्षेत्र हो।

युवा पुस्ताको आकर्षणमा रहेको रंगिन संसारमा रमाउन नचाहने युवा पुस्ता सायद कमै मात्रमा होलान नाम कमाउन अनि चर्चित हुने सबैको चाहना हुन्छ। त्यस्तै चाहना लिएर गायन र मोडलिङको भिडमा आफुलाइ स्थापित गराउन सिने जगतमा आफ्नो भबिष्य बनाउने योजनाको साथमा अगाडी बढ्दै गरेकी मोडल हुन सुजाता पाण्डे अहिले आफ्नो लक्ष्यमा पुग्न दिन रात लागि परेकी छिन र त्यसै अनुरुप मेहनत पनि गरि रहेकी छिन्।


## सूचना



NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश
नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो
(१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा आत्याधिक समस्या
रुघा र खोकी
"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"
नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसंग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने
सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी

# हाम्रोमा किन जन्मदैनन् साकास्भिलीहरु ?

-पश्चिम एसिया र युरोपको पूर्वी भागस्थित काल सागरमा क्षेत्रमा फैलिएको एउटा देश छ, जर्जिया। यसले मात्र ७० हजार बर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ । यसको उत्तरमा रुस र कसेसस पर्वत, दक्षिणमा टर्की र आर्मेनिया तथा पूर्वमा अजरबैजान पर्दछ। अरु छिमेकीझैं यो पनि तत्कालीन रुसी महासंघमा आवद्ध थियो । सन् १९९१ मा रुसबाट टुक्रिएपछि जर्जिया अशान्त बन्यो । भ्रष्टाचार मौलायो । एक दशकको अशान्तिपछि बिस्तारै सुधार आयो। तर भ्रष्टाचार अत्यन्त बढ्यो। यस बीचमा उसले युरोपेली संघ तथा नेटोको सदस्यता लिएपछि माउ देश रुससँग सम्बन्ध बिग्रियो र केही भाग रुसले अतिक्रमण गर्यो र अझै पनि कब्जामै छ। सन् २००० तिर जर्जिया विश्वकै भ्रष्ट मुलुकमा पर्दथ्यो । सबैभन्दा बढी भ्रष्टाचार प्रहरी सेवामा थियो । त्यसमध्ये पनि ट्राफिक प्रहरीमा सबैभन्दा बढी । सिटी फुक्यो, यो वा त्यो बहानामा पैसा असुल्यो ।यो आलेख जर्जियाको भ्रष्टाचार उन्मूलनसम्बन्धि बीबीसीको रिपोर्टको आधारमा तयार गरिएको छ । जर्जियामा त्यतिबेला प्रहरी सेवामा जागिर पाउँदा महिनाको १० डलर तलब आउँथ्यो तर पत्याउनै नसकिने कुरो के थियो भने त्यही १० डलरको जागीर खान महिनाको सयौं डलर घुस ख्वाउनुपर्थ्यो । प्रहरीले यसको बदलामा महिनामै हजारौं डलर असुल्थे। कर्मचारी प्रशासन, न्याय सेवा सबैमा भ्रष्टाचार मौलाएको थियो । एक प्रहरीलाई विवाहको मौका पारेर साथीहरुले उपहारस्वरुप राजधानी तिब्लीसीस्थित सबैभन्दा बढी भीड हुने सडकमा मात्र तीन दिनका लागि काम गर्ने सुविधा दिए, कारण थियो कमाइ । कृषि मन्त्री सबै गहुँ बेच्थे, देशभर अनिकाल फैलिन्थ्यो । उर्जा मन्त्री बिजुली बेच्थे, गरिबका छोराछोरी जाडोले मर्थे । जनतामाथि चरम अन्याय थियो । सन् २००३ मा भएको राष्ट्रपतीय चुनावमा धाँधली भएको भन्दै विरोध प्रदर्शन सुरु भयो । यसको नेतृत्व पूर्व कानुनमन्त्री मिखाइल साकास्भिलीले गरे । यसलाई जर्जियामा 'रोज रिभ्योलुसन'का नामले चिनिन्छ । राष्ट्रपति भागे । सन् २००४ को अन्त्यमा चुनाव भयो । साकास्भिलीले भर्खरै खोलेको पार्टीले ९६ प्रतिशत मत पायो । अब भने उनको काँधमा देश सुधार्नुपर्ने जिम्मेवारी आयो। उनले सुधारको सुरुवात गर्दा विरोध भयो । कर्मचारी आन्दोलित भए। प्रहरीले काम गरेनन् तर राष्ट्रपति साकास्भिलीको भारी मत भएका कारण उनले भ्रष्टजति सबैलाई गोल्डेन ह्यान्डसेक गरेर स्वेच्छिक अवकास दिए। मोटो रकम पाएपछि भ्रष्टजति निवृत्त भए। विस्तारै सुधार आयो । उनले भ्रष्टाचार निर्मुल त पार्न सकेनन् तर ट्रान्सपरेन्सी इन्टरनेसनलको मापदण्डमा उनी अन्य युरोपेली मुलुककै दाँजोमा मुलुकलाई ल्याउन सफल भए । सन् २००८ मा पनि उनले त्यसरी नै जिते। अब भने जर्जिया विकासको मार्गमा निकै सफल बन्यो । अब हाम्रो नेपालको अवस्थाबारे कुरा गरौं । हाम्रोमा २०१५ सालपछि दोस्रो पटक २०७४ मा दुई तिहाइको सरकार बन्यो । हाम्रा मान्छेलाई पनि 'रोज रिभोल्युसन'कै जस्तो परिणाम हात पर्ला भन्ने लागेको थियो । तर केको सुधार गर्नु, आपसी खिचातानीमै सरकार ढल्यो। गठबन्धनले त झन गतिलो काम गर्न सक्ने कुरै भएन ।

छिमेकी भारतमा मनमोहन सिंह प्रधानमन्त्री भएका बेला ए राजा भन्ने एक जना एडिएमकेका नेता सूचना मन्त्री बनेका थिए । उनले २ जी मोबाइलको लाइसेन्स वितरणमा ४२ अर्ब अमेरिकी डलर अपचलन गरे। गठबन्धन सरकार भएकाले डा. मनमोहन सिंह जस्तो नेता जो अर्थमन्त्री भएका बेला आधुनिक भारतलाई विश्व सामू चिनाएका थिए, उनी पनि सूचना मन्त्री राजासामू चुँक्क गर्न सकेनन् । गठबन्धनको यस्तै व्यथा हुन्छ। यसरी जसले गर्ला भन्ने आशा थियो, उसबाट काम भएन । तत्कालीन जर्जियाका ती प्रहरी अधिकारीजस्तै हाँसउठ्दो एउटा घटना सुनाउँ। अहिले हाम्रो देशमा राष्ट्रिय परिचयपत्रको धुमधामले काम भइरहेको छ । विश्वभर ईपासपोर्टको प्रचलन बढेपछि नेपालले पनि वाध्य भएर ईपासपोर्ट सुरु गरेको छ । यसका लागि राष्ट्रिय परिचय पत्र अनिवार्य छ, कारण यसको तथ्याङ्कका आधारमा ईपासपोर्ट बनाइन्छ अथवा भनौं राष्ट्रिय परिचयपत्रको तथ्याङ्क ईपासपोर्टले लिन्छ । राष्ट्रिय परिचयपत्र प्रदान गर्न गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जिम्मेवारी पाएको छ। विभागले विश्व बैंकको आर्थिक सहयोगमा यो काम सुरु गरेको थियो। विभागले गत असार २९ गते एउटा विज्ञप्ती जारी गरी कर्मचारी र अतिविशिष्ट व्यक्तिबाहेकका सर्वसाधारणका लागि ईपासपोर्टका लागि विभिन्न क्षेत्र छुट्याएर काठमाडौं तथा ललितपुर जिल्ला प्रशासन कार्यालयलाई जिम्मेवारी तोकेको छ। त्यस्तै केही प्रदेशका जनताका लागि नारायणहिटीस्थित साबिकको राहदानी विभागलाई पनि जिम्मेवारी दिएको छ। फार्म अनलाइन भर्नुपर्दछ । यसका तीनवटा भाग हुन्छन्। पहिलो र दोस्रो जो कोही पनि इन्टरनेसम्बन्धि ज्ञान भएकाले सजिलै भर्न सक्छन् । तर, जब अन्तिममा पुगिन्छ, भरिन्छ पनि तर सबमिट गर्ने आइकन नै चल्दैन। सेवाग्राहीले आज गर्छन्, हुँदैन, भोलि गर्छन्, हुँदैन। वाक्क भएपछि अरुको सहयोग लिन्छन्, तै पनि हुँदैन । अन्त्यमा लखतरान भएर जिल्ला प्रशासन कार्यालयनजिकै पारेर खोलिएका सेवा प्रदायककहाँ पुग्छन्। तब फटाफट काम हुन्छ। यसबापत तिर्नुपर्छ, हेरी हेरी, दुईदेखि साढे दुई सय रुपैयाँसम्म। मानिस आश्चर्यमा पर्छन्। हैन यस्तो कसरी हुन्छ ? आफ्नो घरको इन्टनरनेटबाट नहुने तर साइबरको नेटबाट हुने ? यस्ता प्रश्न नसोध्ने कमै होलान्। त्यस्ता सेवा प्रदायककहाँ एक घन्टामात्र बसेर हेरे यस्ता घटना कमसेकम ३०/४० वटा प्रत्यक्ष देख्न पाइन्छ। विषय प्रसंगले यस्तै ठाउँमा पुगेका बेला एकजनाले सेवा प्रदायककहाँ कम्प्युटर चलाउँदै गरेकी महिलालाई सोधे, हँन हामीले महिनौं प्रयास गर्दा पनि भएन, तपाईंले पाँचै मिनेटमा गरिदिनुभयो, यो कसरी नि ? ती प्रश्नकर्ता पनि दातृनिकायकै उच्च ओहदामा थिए। ती महिला मुसुमुसु हाँस्छिन्, जवाफ छैन। अलि पर बसेकी उनकी साहुनी पनि हातमा सुनको बाला झल्काउँदै मुस्कुराउँछिन् तर जवाफ दिन्नन् । ठ्याक्कै जर्जियाको तिब्लिसीको बेहुलो प्रहरीकै जस्तो छैन त कथा ? यस्ता कथा जुनसुकै कार्यालयमा दोहोरिन्छन्। चाहे अनलाइनमार्फत् सवारी चालक अनुमति फार्म भर्दा होस्, चाहे अनुमतिका लागि टेस्ट ड्राइभ लिने ठाउँ होस्, चाहे जग्गा पास गर्ने ठाउँ, चाहे अस्पताल होस्, चाहे वीमा कम्पनी सबैतिर। हाम्रोमा कहिले जन्मेलान् त साकास्भिली जस्ता साहसिक नेता ? कहिले होला रोज रिभोल्युसन ? मैले आफ्नै जीवनकालमा यस्ता ठूला दुई परिवर्तन देखें, पहिलो २०४६ र दोस्रो ६२/६३ को जनआन्दोलनतका । नेताहरुले साकास्भिलीले भन्दा कडा आश्वासन दिए । दुनियाँका छोरा लडाए। अहिले तिनै भाइबहिना विदेश जान खोज्दा राष्ट्रिय परिचय पत्र तथा ईपासपोर्टको अनलाइन फार्म भर्नमात्र ५/६ सय तिर्न बाध्य छन्। उता देश चलेको छ, रेमिट्यान्सले। रेमिट्यान्स पठाउन जानेहरुमाथि त्यस्तो छ व्यवहार। राजस्वमै जम्मा हुने भए त राजीखुशी तिर्थे होला । बाला झल्काउनेहरुका लागि, उनीहरुलाई मात्र सुटुक्क त्यो अनलाइन फार्मको सब्मीसन आइकन चल्ने व्यवस्था गरिदिने अधिकारीहरुका लागि वा सोभन्दा माथिका लागि र अझ माथिका लागि। हामीले कहिलेसम्म उनीहरुको मानो भर्नुपर्ने ? यो दुर्दशा कहिलेसम्म बेहोर्नुपर्ने ? किन जन्मदैनन् साकास्भिलीहरु ? किन हुँदैन रोज रिभोल्युसन ? के हामी पानी मरुवा भइसकेका हौ ?

*साभार: रातोपाटी ।*


भ्रष्टाचार नियन्त्रण अभियानमा हाम्रो नेपालमा किन जन्मदैनन् साकास्भिलीहरु ? किन हुँदैन रोज रिभोल्युसन ? के हामी पानी मरुवा भइसकेका हौं ?









## सूचना




रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी

## सूचना




बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday